आज मिति २०८२ साल मंसिर २५ गते बिहीबार दिनको ३ बजे बरेङ गाउँपालिका अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको आर्थिक वर्ष २०८२।०८३ को ६ औं बैठकमा तपसिल बमोजिमको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

तपसिलः

| क.स | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद शर्मा | गाउँपालिका अध्यक्ष | |
| २ | श्री दिलिप कुमार पुन | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री तुफान पुन | गाउँपालिका प्रवक्ता | |
| ४ | श्री नरसेङ पुन | गाउँकार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ५ | श्री हिरा बहादुर घर्ती | गाउँकार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ६ | श्री सेर बहादुर खनाल क्षेत्री | गाउँकार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ७ | श्री किसन बहादुर खत्री | गाउँकार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ८ | श्री अमर बहादुर सेरबुजा | गाउँकार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ९ | श्री चन्द्रकला केसी थापा | गाउँकार्यपालिका सदस्य | |
| १० | श्री जमुना बिटालु | गाउँकार्यपालिका सदस्य | |
| ११ | श्री काशिराम वि.क | गाउँकार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी बस्याल | गाउँकार्यपालिका सदस्य | |
| १३ | श्री चन्द्रकला खत्री | गाउँकार्यपालिका सदस्य | |
| १४ | श्री पवित्रा पुन | गाउँकार्यपालिका सदस्य | |
| १५ | श्री बद्री नाथ पोखरेल | गाउँकार्यपालिका सचिव | |

अन्य उपस्थितिः

१६. केशबराज क्षेत्री सूचना अधिकारी

१७. सुमन गौतम फिल्ड सहायक

आ.व २०८२।०८३ को छैटौं एवं समग्रमा १०६ औं गाउँ कार्यपालिका बैठक मिति २०८२।०८।२५ का निर्णयहरु

बरेङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुग्दिशिर, बागलुङ
२०७३

निर्णय नं १,

गत गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो ।

निर्णय नं २,

मिति २०८२ मंसिर २६ र २७ गते हुने जिल्ला स्तरीय १४औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा अध्यक्षकप राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट छनोट भएका विद्यार्थीहरुलाई सहभागिताको लागि पठाउने र उक्त कार्यक्रममा हने खर्च बिल र भरपाईको आधारमा भुक्तानी गर्ने।

निर्णय नं ३,

प्रस्ताव नं.३ माथि छलफल गर्दा बरेङ गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ स्वीकृत योजानाहरु यथाशीघ्र कार्यान्वयन गर्ने, उपभोक्ता समिति द्वारा सम्पन्न गर्नुपर्ने योजनाको लागि उपभोक्ता समिति गठन गरि सम्झौताको लागि आवश्यक कार्य अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने।

निर्णय नं ४,

गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि गाउँपालिका र आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश पोखराबिच लागत साझेदारी गर्ने सम्झौता भई प्रतिक्षा- के.एन.एस. जेभीसँग ठेक्का सम्झौता समेत भएकोमा निर्माण व्यवसायीबाट सम्झौता रकमको १० प्रतिशतले हुन आउने ३७,८३,००० (अक्षरुपी सैंतिस लाख त्रियासी हजार) रकम मोबिलाइजेसन पेश्की माग भई गाउँपालिकाले मिति २०८२।०७।१२ गते पहिलो किस्ता उपलब्ध गराएको र निर्माणकार्य तिव्रगतिमा संचालन भैरहेकाले निर्माण व्यवसायीबाट सम्झौता रकमको १० प्रतिशतले हुन आउने ३७,८३,००० (अक्षरुपी सैंतिस लाख त्रियासी हजार) रकम दोस्रो मोबिलाइजेसन पेश्की माग भएकाले आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश पोखराले व्ययभार गर्ने २ करोड ५० लाख मध्येबाट पेश्की रकम उपलब्ध गराउनको लागि प्रदेश मन्त्रालयमा रकम निकाशा माग गर्ने।

निर्णय नं ५,

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बरेङ गाउँपालिका वडा नं.१ निवासी बल बहादुर सार्कीले पेश गर्नु भएको निवेदन अनुसार निजको क्षति भएको घरको पुनर्निर्माण गर्नको लागि प्रथम किस्ता बापत विपद् व्यवस्थापन कोषबाट रु ५०,०००(अक्षरुपी पचास हजार) भुक्तानी दिने।

निर्णय नं ६,

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बरेङ गाउँपालिका आ.व २०८०/८१ मा श्री लाक्पा लामा कन्स्ट्रक्सन, काठमाण्डौ सँग सम्झौता भई सम्पन्न भएको "नयाँ बजार सल्यान सुखौरा सडक BRM/NCB/RW/2080/81"को विभिन्न खण्ड मर्मत कार्य आवश्यक रहेकाले DLP भित्र मर्मत सम्भार गर्नको लागि पटक पटक ताकेता गर्दा पनि सम्पर्कमा नआएको हुनाले ठेक्काको धरौटी रकम बाट मर्मत कार्य अगाडि बढाउने निर्णय गरियो।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष